नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग

फोन ४४७४७६८ (महानिर्देशक)
४४७९६९१ (उपमहानिर्देशक)
४४४७९९९४ (निर्देशक यो)
४४७९६९० (निर्देशक प्र)
४४७४९२१ (एक्सचेन्ज)
४४७४९२२ (फ्याक्स)
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np
मीनभवन, काठमाण्डौ।

पत्र संख्या :- ३प्र।१४७।०७३।०७४ (प्रशासन शाखा)
चलानी नं. :- ३६९९

मिति :- २०७३।११।२६ गते

**विषय : - निर्वाचन आयोगको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री यातायात व्यवस्था कार्यालय सवारी,
मेची, कोशी, सगरमाथा, जनकपुर, सानाठूला सवारी वागमती, मोटरसाईकल वागमती,
नारायणी, लुम्बिनी, गण्डकी, धौलागिरी, राप्ती, कर्णाली, भेरी, सेती र महाकाली
श्री यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र,
कोशी, वागमती, नारायणी, लुम्बिनी र गण्डकी ।
श्री यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, वागमती ।
एकान्तकुना जगाती ठूलो भर्‍याङ्ग र चावहिल ।
श्री सवारी परिक्षण कार्यालय, टेकु ।
श्री यातायात व्यवस्था सेवा कार्यालय,
सबै ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) को प.स ४.१.६।०७३।७४ च.न. ६३९ मिति २०७३।११।१८ को पत्र साथ प्राप्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सामान्य प्रशासन शाखा) सिंहदरवारको च.न. ३१।०७३।०७४।५५५४ मिति २०७३।११।११।१२ को पत्रानुसार २०७४ साल वैशाख ३१ गते हुने स्थानिय तहको निर्वाचनको सन्दर्भमा उक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समान्य प्रशासन शाखा) को पत्र साथ प्राप्त निर्वाचन आयोगबाट जारी भएको १९ बुँदे निर्देशनको छाँयाप्रति यसै पत्र साथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई आवश्यक कार्य गर्नु\गराउनु हुन आदेशानुसार अनुरोध छ ।

.............................
(भविन्द्र कार्की)
शाखा अधिकृत



O/C

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(आन्तरिक व्यवस्थापन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं ।

प.सं. :- ४.१.६./०७३/७४
च.नं. :- ६३९

मिति : २०७३।११।१८

**विषय: निर्वाचन आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
श्री सडक विभाग, चाकुपाट, ललितपुर ।
श्री रेल विभाग, बिशालनगर, काठमाडौं ।
श्री यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं ।
श्री काठमाडौं तराई मधेश फाष्ट ट्रयाक सडक आयोजना, बानेश्वर, काठमाडौं ।
श्री काठमाडौं दिगो शहरी यातायात आयोजना, बबरमहल, काठमाडौं ।
श्री आर्थिक प्रशासन शाखा
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

प्रस्तुत विषयमा श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सामान्य प्रशासन शाखा) सिंहदरवारको च.नं. ३१।०७३।०७४/५५५४, मिति २०७३।११।१२ को पत्रको प्रतिलिपी यसैसाथ संलग्न गरिएकोले सोही पत्रबाट अवगत गर्नुहुने नै छ ।

तत्सम्बन्धमा २०७४ साल वैशाख ३१ गते हुने स्थानिय तहको निर्वाचनको सन्दर्भमा उक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सामान्य प्रशासन शाखा) को पत्रसाथ प्राप्त निर्वाचन आयोगबाट जारी भएको १९ बुँदे निर्देशन तहाँ विभाग/योजना र अन्तर्गत निकायमा कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०७३।११।१९ को निर्णयानुसार अनुरोध छ ।

(जय बहादुर खड्का)
शाखा अधिकृत

**बोधार्थ :-**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सामान्य प्रशासन शाखा)
सिंहदरवार ।

यातायात व्यवस्था विभाग
दर्ता नं ६३६७
मिति ११/२८

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सामान्य प्रशासन शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : ३१/०७३-७४/५५५४

मिति : २०७३/११/१२

आन्तरिक प्रशासन शाखा
द.नं. : ८६४
मिति : ०७३।११।१८

३३५३/०११६

विषय : निर्वाचन आयोगको निर्णय कार्यान्वयन सम्बन्धमा ।

१०/१२
२०७३।११।१८

श्री सबै मन्त्रलय/आयोग/सचिवालय/कार्यालय ।

निर्वाचन आयोग नेपालको च.नं. १०१ मिति २०७३/११/१२ को पत्रबाट "नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/११/९ को बैठकबाट २०७४ साल वैशाख ३१ गते आइतबारका दिन एकै चरणमा सम्पन्न गर्ने गरी स्थानीय तहको निर्वाचनको मिति तोकेको सन्दर्भमा निर्वाचन व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाउन मुख्य सचिव मार्फत नेपाल सरकारलाई निर्देशन दिने गरी आयोगको बैठक संख्या ८६ प्रस्ताव दर्ता नं. १५१ मिति २०७३/११/११ गते देहाय बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध गर्दछु ।" भनी देहायको निर्णयको व्यहोरा लेखी आएको हुँदा सोही अनुसार निर्देशन कार्यान्वय गर्नु गराउनु हुन प्राप्त १९ बुँदे निर्देशनको छायाँप्रति समेत यसैसाथ संलग्न राखी पठाइएको आदेशानुसार अनुरोध गर्दछु ।

**निर्णयको व्यहोरा**

"संलग्न १९ बुँदे निर्देशन कार्यान्वयनका लागि मुख्य सचिव मार्फत नेपाल सरकार समक्ष पठाउने ।"

**बोधार्थ:**
श्री निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं ।

(डिल्लीराम शर्मा)
सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७:, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

## नेपाल सरकारलाई स्थानीय तहको निर्वाचनको सन्दर्भमा आयोगले जारी गरेको १२ बुँदे निर्देशन

१. निर्वाचनको सन्दर्भमा आयोगबाट भएका निर्णय र अन्तर्गतको कार्यालयबाट भएका पत्राचारलाई नेपाल सरकारका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, स्थानीय निकाय, शैक्षिक संस्थानहरूले उच्च प्राथमिकता दिई तत्काल सम्पन्न गर्ने ।

२. आयोगबाट जारी भएको निर्वाचन आचार संहिताको पूर्ण रूपमा पालना गर्न गराउन मातहतका सबै निकायलाई निर्देशन दिने । साथै, आचार संहिता कार्यान्वयनका सम्बन्धमा आवश्यक सहयोग पु-याउन र माग भएको जानकारी तत्काल आयोग र अन्तर्गतका निकायलाई उपलब्ध गराउने ।

३. नेपाल सरकारका सम्पूर्ण निकाय, सार्वजनिक संस्थान, विकास समिति, स्थानीय तह, अनुदानमा सञ्चालित विश्वविद्यालय र सामुदायिक विद्यालयका शिक्षकको अद्यावधिक बिवरण यो निर्देशन प्राप्त भएको मितिले एक हप्ताभित्र छिटो साधनद्वारा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा पठाउने ।

४. निर्वाचनको कामका लागि आयोग तथा अन्तर्गतका कार्यालयले माग गरेका कर्मचारीहरू तुरुन्त खटाई पठाउने व्यवस्था गर्ने ।

५. नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल टेलिकम तथा विकास आयोजना लगायत सरकारी निकायका वायरलेस, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चार साधनहरु मर्मत र सेवा बिस्तार गर्नुपर्ने भए तत्कालै मर्मत गरी चालु हालतमा राख्ने तथा निर्वाचनको कामका लागि माग गरेको समयमा प्राथमिकता दिई उपलब्ध गराउने ।

६. निर्वाचन आयोग र अन्तर्गत सबै कार्यालय र निर्वाचन सामग्री भण्डार स्थलको सुरक्षा व्यवस्था मिलाउन सुरक्षाकर्मी परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

७. निर्वाचनको सिलसिलामा आयोगका पदाधिकारी तथा कर्मचारी र निर्वाचन अधिकृत, पर्यवेक्षक लगायत अन्य कर्मचारीको आवागमन तथा मतपत्र लगायत निर्वाचन सामग्री ढुवानी गर्दा गराउँदा सुरक्षाको आवश्यक प्रबन्ध मिलाउने ।

८. निर्वाचन अधिकृतको कार्यालयको लागि आवश्यक पर्ने घर, फर्निचर, कम्प्यूटर, फ्याक्स मेसिन, सवारी साधन, पेट्रोमेक्स र अन्य आवश्यक भौतिक सुविधा माग भएको अवस्थामा जिल्लास्थित कार्यालयबाट तुरून्त उपलब्ध गराइदिने ।

९. निर्वाचन सम्बन्धी मुद्रण कार्यमा सरकारी वा सरकारी स्वामित्वमा रहेका छापाखानाले प्राथमिकतासाथ छपाइ सम्बन्धी कार्य गर्ने । मतपत्र छपाइ लगायतका काम गर्न आयोगले जनक शिक्षा सामग्री केन्द्रलाई जिम्मा दिने हुँदा सो केन्द्रको छापाखानाको मर्मत सम्भार गर्नु पर्ने भए शीघ्रातीशीघ्र मर्मत समेत गरी चालु अवस्थामा राख्ने ।

१०. निर्वाचन आयोगका पदाधिकारी तथा कर्मचारी र निर्वाचन अधिकृतको आवागमनका लागि माग गरेको बखत हवाई टिकट सुरक्षित गरि दिने र निर्वाचन सामाग्री ढुवानीका लागि आवश्यकतानुसार मोटर, हवाईजहाज र हेलिकप्टरको सुविधा उपलब्ध गराउने ।

११. निर्वाचनसँग सम्बन्धित सबै कार्यमा शान्ति सुरक्षाको आवश्यक प्रबन्ध मिलाउने ।

१२. स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन सम्पन्न गर्न उम्मेदवार, दल, मतदाताहरुको सुरक्षाको उचित प्रबन्ध मिलाउने ।